# भागेश्वर गाउपालिका

# स्थानीय राजपत्र

खण्ड २ भागेश्वर, श्रावण १३ गते, २०७५ साल (संख्या १)

# भाग १

## स्थानीय तहको विनियोजन ऐन २०७५

**भागेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७५ अषाढ १८

**प्रस्तावना:** भागेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम भागेश्वर गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम " भागेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्त भागेश्वर गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२६,०३,२९,०००(अक्षेरुपी छव्वीस करोड तीन लाख उन्नतीस हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त भागेश्वर गाउँपालिकाको गाउँकार्यपालिका,वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा भागेश्वर गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउं सभाको स्वीकृति लिनु पर्ने छ ।

**४. वित्तीय अनुशासन सम्वन्धी व्यवस्था :** (१) गा.पा.ले आफुले उठाएको रयस ऐन वमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम कानून बनाउंदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

(ख) जुन शिर्षकको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(ग) पुंजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तरगर्न नपाइने,

(घ) आय व्ययको वर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे वमोजिम राख्नु पर्ने ।

**५. कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमको कार्यविधि तथा मापदण्ड राजपत्रमा प्रकाशन गरिनेछ।

६. आदेश जारी गर्न सक्ने : (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा उत्पन्न भएमा गाउं कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिमको आदेश राजपत्रमा प्रकाशन गरिनेछ।

# अनुसूचि-१

(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च राजस्व वांडफांड संघ | पूँजिगतखर्च वित्तिय समानिकरण संघ | पूँजिगतखर्च वित्तिय समानिकरण प्रदेश | पूँजिगतखर्च राजस्व वांडफांड प्रदेश | वित्तियव्यवस्था शसर्त अनुदान | गा.पा.को आन्तरिक आय | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 1 | | गाउँ/नगरकार्यपालिका | ५,३५,३१,०००.०० | ६,१४,००,००० | ६६,२६,००० | १६,७२,००० | १३,४९,००,००० | २२,००,००० | २६,०३,२९,००० |
| 2 | | वडा समिति | | | | | | | |
| 3 | | बिषयगतशाखा | | | | | | | |
| 4 | | ऋणको सावाव्याजभुक्तानी | | | | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | | | | |

आज्ञाले

खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत